मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
जलेश्वर, महोत्तरी

फोन नं .०४४५२०४९५, ९८५४०३२२४५
इमेल akcmahottari@gmail.com
वेबसाइट: akcmahottari.p2.gov.np

## स्यालो ट्युबवेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरुको आपुर्तिकर्ता सुचिकृत हुने सम्वन्धि प्रति इकाई दरभाउ सहित सिलवन्दी आवेदन(प्रस्ताव) आव्हानको सुचना

**दोश्रो पटक प्रकाशित मिति २०८२/०१/१३**

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको चालू आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम "सिँचाई व्यवस्थापन प्रवर्द्धन सहयोग" कार्यक्रम अनुसार महोत्तरी जिल्लाको कृषकस्तरमा स्यालो टयुबवेल/ पम्प सेट/मोटर जडान तथा संचालन कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा आपुर्ति तथा जडान गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक यन्त्र/उपकरण उत्पादक/आपुर्तिकर्ता/बितरकहरुबाट यस केन्द्रले उपलब्ध गराउने निर्दिष्ट फारम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात २०८२/०१/२८ गते सम्म दिनको १२:०० बजे भित्र सिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रीतपुर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन (२०८२/०१/२८) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा केन्द्रको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

छनौटमा परेका प्रस्तावहरु मध्ये स्पेशिफिकेशन तथा न्यूनतम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसंग प्रति ईकाई सम्झौता गरी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि २०७६ मा ब्यवस्था भए बमोजिम अनुदानग्राहिहरुले आफ्नो ईच्छा अनुसार सूचीकृत भएका आपूर्तिकर्ताहरु मध्ये कुनै एक आपूर्तिकर्ताबाट खरीद गर्न सक्ने छ। यस केन्द्रमा पेश हुन आएका शिलबन्दी प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस कार्यालयमा निहित रहनेछ।

<u>आवश्यक कागजात तथा शर्तहरु:</u>

- ✓ फर्म/ कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
- ✓ फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि।
- ✓ PAN/ VAT प्रमाण पत्र र म्यानुफेक्चर अथोराइजेशन पत्रको प्रमाणित प्रतिलिपि।
- ✓ कालो सूचीमा नपरेको तथा Non-filer नरहेको स्व:घोषणा पत्र ।
- ✓ पछिल्लो आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- ✓ कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फाराम पूर्ण रुपमा भरि, क्याटलग समेत पेश गर्नुपर्नेछ ।
- ✓ आपूर्तिकर्ताले आपूर्ती गर्न चाहेको सामाग्रीहरुको प्रति इकाई मूल्य मु.अ.कर सहित उल्लेख गर्नु पर्ने छ ।
- ✓ यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधीनमा रही अनुदानग्राहीबाट माग भएको स्यालो टयुबवेल/ पम्प सेट/मोटर जडानका लागि यन्त्र उपकरणहरु आपूर्ति गर्नुपर्नेछ। यसरी आपूर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ। अनुदान बापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी यस कार्यालयबाट भुक्तानी हुनेछ।
- ✓ पेश गरेको BOQ, क्याटलग लगायत सिलबन्दी गरिएका सम्पूर्ण कागजातको प्रतिलिपी स्व:प्रमाणित गरी पेश गर्नु पर्ने छ । सहिछाप नगरी पेश भएको प्रस्तावलाई सूचीकरण प्रक्रियामा समावेश गरिने छैन ।
- ✓ यस कार्यालयले आपुर्तिकर्ताबाट आवश्यक परेमा थप कागजात माग गर्न सकिने छ सो पेश नगरे सूचिकरण प्रक्रियामा समावेश गरिने छैन।
- ✓ आपूर्तिकर्ताले फारमसाथ फारम खरिद शुल्क बापत रु. ३०००/- फिर्ता नहुने गरी कृषि ज्ञान केन्द्र महोत्तरीको कार्यालय कोड नं. ३१२०११८०२२, राजश्व शीर्षक नं. १४२२९, राष्ट्रिय बाणिज्य बैङ्क मा जम्मा गरेको सक्कल बैङ्क भौचर पेश गर्नु पर्नेछ।
- ✓ आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको कबुल गरेको कुल लागत रकमको न्युनतम ३% बराबरको रकम १२० दिन सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०११८०२२ तथा राष्ट्रिय बाणिज्य बैङ्क, जलेश्वर महोत्तरीको धरौटी खाता नं. १२७०१००२०२०३०००० प्र.ले.नि.का. महोत्तरीमा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

०८२/१/१२.

**गेनालाल प्रसाद मण्डल**
**प्रमुख**